विगो नं.२९०

तहसिल शाखा

वादी वा.मो.नं.९८४१०२०३०९

# श्री ललितपुर जिल्ला अदालतबाट सर्वसाधारणका निमित्त तथा प्रतिवादीका नाँउमा जारी भएको डाँक लिलामी सुचना

उप्रान्त वादी मणीराज खनालको नाति अर्जुनदास वैष्णबको छोरा जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. ११ बस्ने श्याम स्वरुप खनाल प्रतिवादी जिल्ला ललितपुर महालक्ष्मी नगरपालिका वडा नं. ३ इमाडोल ढुंगेसाँधु चोक स्थित संचालनमा हरेको विद्या सदन माध्यामिक विद्यालय प्रा.लि समेत भएको लेनदेन मुद्दामा यस अदालतको मिति २०७८।०८।०१ र उच्च अदालत पाटनको मिति २०७९।०९।११ गतेको फैसला बमोजिमको साँवा रकम रु. २९,५०,०००/-(उन्नातीस लाख पचास हजार रुपैयाँ) र पारिश्रमिक वापतको रु.५०,०००/-(पचास हजार) मिति २०७६/०३/३१ देखि फिरादमा दावी भएको बमोजिम भरि भराउँका दिन सम्मको व्याज सहितको रकम वादीले प्रतिवादीबाट भराई पाउँने ठहरी फैसला भई फैसला बमोजिमको साँवा ब्याज समेतको रकम भराई पाउँ भनी वादीको यस अदालतको विगोमा दरखास्त परी कारवाहीको क्रममा प्रतिवादीका नाउँमा म्याद जारी गरी पठाउँदा समेत प्रतिवादीले फैसला बमोजिमको साँवा ब्याज समेतको रकम वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिला गर्न समेत नल्याएको हुँदा वादीले फैसला अनुसार प्रतिवादीबाट भरीपाउने विगो तपसिल बमोजिमको सम्पत्तिबाट भराई पाउँ भनि वादीको निवेदन परी कारवाही भई प्रतिवादीको उक्त सम्पति मिति २०८१।०३।२० गते यस अदालतमा पहिलो डाँक लिलाम हुने भएकोले डाँकबढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सुचना प्रकाशन गरिएको छ।

## तपसिल

१. यस अदालतको तहसिल शाखामा मिति २०८१।०३।२० गते दिनको १० बजेदेखि ५ बजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँक ललिलाममा उपस्थित भई बोलकबोल गर्न सकिने छ।

२. डाँकलिलाम गर्न तोकिएको दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट डाँकलिलाम हुने छ।

३. कायम भएको न्युनतम पञ्चकिर्ति मुल्यबाट डाँकबढाबढ गर्नुपर्ने छ।

४. डाँक लिलामको बखत बोलकबोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिल गर्नुपर्ने छ । बाँकी बोलकबोल रकम डाँकलिलाम भएका मितिबाट ७ दिनभित्रमा दाखिल गर्नुपर्ने छ । त्यसरी ७ दिनभित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिल भएको १०% रकम जफत गरी पुनः डाँक लिलामको सुचना प्रकाशित गरिने छ ।

५. डाँक लिलाम बढावढ हुँदा सबैभन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक सकार गराईने छ ।

६. डाक लिलाम सम्बन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नुहोला

७. लिलाम सुचना टाँस हुने स्थानहरुः- प्रतिवादीका नाँउमा एक प्रति, अदालत भवन रहेको ललितपुर महानगरपालिका वडा नं. १५ को वडा कार्यालयमा १ प्रति, ललितपुर जिल्ला अदालत भवनको सुचना पाटीमा १ प्रति, समेत ।

डाँकलिलाम हुने सम्पत्तिको विवरण

| सि.नं. | शेयरहोल्डरको नाम थर | शेयर संख्या | डाँक बोल्नुपर्ने न्युनतम अंक |
|---|---|---|---|
| १ | विद्या सदन माध्यामिक विद्यालय | ८५००० | प्रति कित्ता रु.१००/- |

ईति संम्वत २०८० साल चैत्र महिना ७ गते रोज ४ शुभम............................................................